नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज, सुर्खेत र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले १५ आन्तरिक उडान भरी जम्मा ५२ जना यात्रुको उद्धार गरेको छ। कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या १० रहेको छ ।

गृह मन्त्रालयका अनुसार अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन ज्येष्ठ ३० गते २०६ वटा अनुगमन गरेको छ। अनुगमनको क्रममा मिति २०७८ ज्येष्ठ ३० गतेका दिन देशभरमा १२ हजार बढी अक्सिजन सिलिण्डर मौज्दात रहेको पाइएको छ । नेपाल प्रहरीका अनुसार स्थानीय प्रशासनले हालसम्म १०,७२७ अक्सिजन सिलिण्डर विभिन्न स्रोतबाट संकलन गरी १०,२०३ अक्सिजन सिलिण्डर विभिन्न अस्पताललाई वितरण गरेको छ। निषेध आदेश कार्यान्वयनको सन्दर्भमा हाल सम्म १,५२,३७४ सवारी साधन र २२,५३७ व्यक्तिलाई नियमानुसार कारवाही गरिएको छ। विगत २४ घण्टामा निषेध आदेशको उल्लघंन गर्ने १,९६८ सवारी साधन र मास्क प्रयोग नगरी हिंडडुल गर्ने ४,८४५ जनालाई कारवाही गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार ज्येष्ठ ३१ गते ८,२१,४५१ थान मेडिकल उपकरणहरू, १६,७३७ एम. टि.क्यु. अक्सिजन, २१ के.जी. कोभिड-१९ परीक्षण किट र १३,३७५ के.जी. स्यानिटाईजर लगायतका औषधीहरू पैठारी भएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार ज्येष्ठ ३० गते युरोपियन युनियनको सिभिल प्रोटेक्सन मेकानिजम अन्तर्गत तीन देशहरू; अस्ट्रियाबाट ६००,००० फेस मास्क; १,००० अक्सिमिटर; २,४०० एन्टिजेन टेस्ट किट; ५०,००० एफएफपिटु मास्क; १३० इन्फ्रारेड थर्मामिटर र माल्टाबाट ५०,००० फेसशिल्ड, स्लोभेनियाबाट १००,००० प्रोटेक्टिभ मास्क; ३०,००० फेसमास्क; १००,००० ग्लोब र १२,५०० गगल्स प्राप्त भएको छ। त्यस्तै चीनको युनान प्रान्तले नेपाललाई प्रदान गर्ने ४८,००० थान एन.नाईटिफाइब मास्क; १,१०,००० थान सर्जिकल मास्क र ३,८२० थान प्रोटेक्टिभ गार्मेन्ट (पिपिई) जस्ता स्वास्थ्य सामग्रीहरू हिमालयन एयरलाइन्सको चार्टर्ड उडान एच९७८४२ बाट आज विहान ६:४० बजे त्रिभुवन विमानस्थलमा आइपुगेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार उपत्यकामा ५,४५३ सिलिण्डर र उपत्यका बाहिर ७,८३२ गरी कुल १३,२८५ अक्सिजन सिलिण्डरको दैनिक उत्पादन भइरहेको छ। संयुक्त बजार अनुगमन टोलीबाट बजार अनुगमनको क्रममा ८ वटा खाद्यान्न तथा स्वास्थ्य सामग्री पसलको अनुगमन गरी ४ वटालाई कारवाही स्वरूप रू. ५५ हजार जरिवना गरिएको छ।

मिति : २०७८ जेठ ३१

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np